www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9858788707

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

प .सं. २०८०/०८१

मिति : २०८१।०३।१९

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना**

श्री यो जो जस सँग सम्बन्धित छ।

डडेल्धुरा जिल्ला गन्यापधुरा गउँपालिका अन्तर्गत श्री भुवनेश्वरी माध्यमिक विद्यालय, गन्यापधुरा-४, जैसेरा, डडेल्धुरामा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. १४५, मिति २०८१।०३।१९ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च :

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना bhuwaneswary2016@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिम रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कार्वाही हुने छैन।

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री शिक्षा विकास तथा समन्वय इकाइ, डडेल्धुरा।

श्री भुवनेश्वरी माध्यमिक विद्यालय, गन्यापधुरा-४, जैसेरा, डडेल्धुरा।

श्री सञ्चार तथा सूचना प्रविधि शाखा: वेवसाइट तथा फेसबुक पेजमा अपलोड गरी सार्वजनिक गरिदिन हुन।